# ईश–विनय कवितामा अद्वैत वेदान्त दर्शन

उपप्रध्यापक लतादेवी पौडेल
paudyallata@gmail.com
डिग्री क्याम्पस विराटनगर

https://doi.org/10.3126/gyandeep.v11i01.96622

## लेखसार

प्रस्तुत लेखमा लेखनाथ पौड्यालको ‘ईश–विनय’ कवितामा अद्वैत वेदान्त दर्शनका मान्यताहरूको खोजी त्यसको प्रभावकारिताको विश्लेषण गरिएको छ। ‘ईश–विनय’ कविता लेखनाथ पौड्यालको *लालित्य* कविता सङ्ग्रह (भाग २) मा सङ्गृहीत छ। ईश–विनय कवितामा अद्वैत वेदान्त दर्शनका मान्यताहरूलाई दृष्टान्तमार्फत विश्लेषण गरी तथ्य निरूपण गर्नु यस लेखको उद्देश्य रहेको छ। *ब्रह्मसूत्र*का भाष्यकारहरूमध्ये आचार्य शङ्कराचार्य अद्वैत वेदान्तवादी दर्शनिक हुन्। अद्वैत वेदान्त दर्शनले ब्रह्म सत्य छ र ब्रह्मबाट भिन्न केही छैन भन्ने मान्यता राख्दछ। यस कवितामा कविले ईश्वरलाई ब्रह्मको रूपमा प्रस्तुत गरेको छन्। कवितामा ईश्वरलाई ब्रह्मजस्तै सत्य, नित्य, सर्वशक्तिमान्, सर्वव्यापी, स्वप्रकाश, अमर र सार्वभौमशक्तिका रूपमा प्रस्तुत गरिएको छ। कवितामा सारा ब्रह्माण्डकै सृष्टि, स्थिति र लयको कारण ईश्वर नै रहेको कुरा उल्लेख गरिएको छ। यसमा कविले प्रभु, ईश्वर र जगदीश्वर भनेर ब्रह्मवादी चिन्तन प्रस्तुत गरेका छन्। कवितामा जीवन जागृत गराउने शक्तिका रूपमा ईश्वरको पुकार गर्दै ईश्वर वा ब्रह्मविना कसैको अस्तित्व सम्भव छैन भन्ने भाव प्रस्तुत गरिएको छ। प्रस्तुत कवितामा ब्रह्म सत्य हो, ब्रह्मविना जगत्को अस्तित्व सम्भव छैन भन्ने अद्वैत वेदान्त दर्शनको मान्यता रहेको यस लेखमा निष्कर्ष निकालिएको छ। यसमा लेखलाई पूर्णता दिनका लागि पुस्तकालय स्रोतका प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ। सङ्कलित प्राथमिक स्रोतको सामग्रीको विश्लेषणका लागि द्वितीयक सैद्धान्तिक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। अद्वैत वेदान्त दर्शनका मान्यताहरूलाई आधार मानेर कवितांशहरूलाई दृष्टान्त दिएर पाठपरक विधिमार्फत कविताको विश्लेषण गरिएकोले यो लेख गुणात्मक प्रकृतिको छ। यसमा सन्दर्भसामग्रीको प्रयोगमा एपिए पद्धतिको प्रयोग गरिएको छ।

*शब्दकुञ्जिका* : ब्रह्म, प्रभु, विश्वब्रह्माण्ड, जगत्, सृष्टि

## विषयप्रवेश

नेपाली कविताको माध्यमिक कालको शृङ्गारिक धारामा उदाएका कवि लेखनाथ पौड्याल (१९४१—२०२२) आधुनिक नेपाली कविताका आरम्भकर्ता हुन्। समस्यापूर्ति कविता लेखन परम्पराबाट काव्ययात्रा थालनी गरेका लेखनाथ नेपाली कविताको परिष्कारवादी धाराका केन्द्रीय कवि हुन्। समाजमा देखापरेका सामाजिक विकृति र वेथितिप्रति नैतिक रूपमा व्यङ्ग्य प्रकट गर्ने लेखनाथले आफ्ना कवितामा आदर्शवादी सभ्य समाजको पक्षपोषण गरेका छन्। संस्कारयुक्त समाज, नैतिकता र मानवतावादलाई महत्त्व दिने लेखनाथका कवितामा नेपालको प्राकृतिक सौन्दर्य, धार्मिक एवम् सांस्कृतिक पक्षका साथै आध्यात्मिक तथा वैदिक दर्शनको प्रस्तुति पाइन्छ। लेखनाथ छन्द, अलङ्कार र रसवादी कवि हुन्। उनका कवितामा मात्रिक र वर्णमात्रिक छन्दको प्रयोग पाइन्छ। सरल, सरस, बोधगम्य र परिष्कारपूर्ण भाषाशैलीको प्रयोगकर्ता लेखनाथ दार्शनिक कविका रूपमा परिचित छन्। लेखनाथका प्रायः कविताहरूमा वेदान्त दर्शनको प्रभाव परेको पाइन्छ। यस अध्ययनमा वेदान्त दर्शनका प्रमुख सम्प्रदायहरूमध्ये शङ्कराचार्यद्वारा प्रतिपादन गरिएको अद्वैत वेदान्त दर्शनको प्रभावलाई अध्ययनको आधार बनाइएको छ। यस अध्ययनमा लेखनाथ पौड्यालको *लालित्य* कवितासङ्ग्रह (भाग २) मा सङ्गृहीत ‘ईश–विनय’ कवितामा अद्वैत वेदान्त दर्शनको प्रभावलाई के कस्तो रूपमा प्रयोग गरिएको छ भनी निरूपण गरिएको छ। यस लेखमा ‘ईश–विनय’ कवितामा परेको अद्वैत वेदान्त दर्शनको ब्रह्मसम्बन्धी सृष्टि रचनाका अभिलक्षणहरूको प्रभावलाई पुष्टि गर्ने उद्देश्य राखिएको छ। शङ्कराचार्यको अद्वैत वेदान्त दर्शनलाई वेदान्त दर्शनमा सर्वमान्य मानिँदै आएको छ। उनी ब्रह्मवादी

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

आचार्य हुन् । उनले ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या भनेका छन् (सक्सेना, सन् २०१२, पृः १६०) । उनले ब्रह्मलाई जगत्को उत्पत्ति, स्थिति र लयको कारण मान्ेका छन् । शङ्कराचार्यले सर्वोच्च परमार्थ सत्य भनेको ब्रह्म हो र यसले संसारको सृष्टि, पालन र संहार गर्दछ भनेका छन् । शङ्कराचार्यले अन्तिम सत्य ब्रह्म हो र संसारका सबै वस्तु झुटा हुन् भनी ब्रह्मलाई मात्र सत्य ठानेकाले उनको मतलाई अद्वैतवाद भनिएको हो । लेखनाथ पौड्याल ईश्वरवादी कवि हुन् । उनको ईश्वरवादमा शङ्कराचार्यको ब्रह्मसम्बन्धी चिन्तनको प्रभाव पाइन्छ । 'ईश–विनय' कवितामा जगत्को सृष्टिकर्ताका रूपमा ईश्वरलाई उभ्याएर उसैको महिमाग्ान गरिएको छ । ईश्वर वा ब्रह्मसम्बन्धी मान्यताका आधारमा कविता कृतिको विश्लेषण गर्दा कविको दार्शनिक विचारलाई पहिल्याउन सकिने भएकाले यो अनुसन्धानात्मक लेखको प्राज्ञिक महत्व छ । पौड्यालको 'ईश–विनय' कवितामा केद्रित भएर ब्रह्मसम्बन्धी अद्वैतवादी दर्शनका कोणबाट हालसम्म विस्तृत अध्ययन नभएकाले प्रज्ञिक क्षेत्रमा यसको रिक्तता देखिन्छ । यो लेख सोही रिक्तताको परिपूर्तिका लागि तयार पारिएको छ ।

**समस्याकथन र उद्देश्य**

प्रस्ततुत लेखमा 'ईश–विनय' कवितामा अद्वैतवादी दर्शनको अध्ययनसम्बद्ध समस्याको समाधानका लागि 'ईश–विनय' कवितामा ईश्वर अर्थात् ब्रह्मको सृष्टिसम्बन्धी स्वरूपलाई केकस्तो रूपमा प्रस्तुत गरिएको छ सोही रिक्तताको विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत लेखको शोध्य समस्यासँग सम्बन्धित सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक गरी दुई किसिमका सामग्रीहरूलाई प्रयोगमा ल्याइएको छ । यसमा विश्लेष्य 'ईश–विनय' कवितालाई प्राथमिक स्रोत सामग्रीका रूपमा प्रयोग गरिएको छ भने उक्त विषयसँग सम्बन्धित विभिन्न समालोचकका समालोचना र अद्वैत दर्शनसँग सम्बन्धित सिद्धान्त, पुस्तक, पत्र–पत्रिकाहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरी कविताको विश्लेषण गरिएको छ । साामग्रीको विश्लेषण गुणात्मक पद्धतिका आधारमा गरिएको छ । यसमा कविताको विश्लेषण गर्दा कवितामा व्यक्त शङ्कराचार्यको ईश्वरीय अर्थात् ब्रह्मसम्बन्धी विचारलाई सूचकको रूपमा लिइएको छ ।

**पूर्वकार्यको समीक्षा**

लेखनाथ पौड्यालका कविता कृतिहरूको विभिन्न कोणबाट व्याख्या विश्लेषण तथा अध्ययन भए पनि अद्वैत वेदान्त दर्शनका मान्यताका कोणबाट 'ईश–विनय' कविताको हालसम्म विश्लेषण भएको छैन । विभिन्न सिद्धान्तलाई अँगालेर उनका कवितामा भएका अध्ययनलाई यहाँ पूर्वकार्यको रूपमा समावेश गरिएको छ ।

चूडानाथ भट्टरायको *तरुणतपसी मीमांसा* (२०१७, पृ. १८) नामक पुस्तकमा लेखनाथका काव्यकृतिमा आध्यात्मिक दर्शनको प्रभाव रहेको र उनले कवितामा नैतिक उपदेशलाई विषयवस्तु बनाएको चर्चा गरिएको छ । विश्वराज पाण्डेले 'मेरा दष्टिमा लेखनाथ पौड्याल' शीर्षकको लेख (भानु, २०२३) मा पौड्याल धर्म र पूर्वीय वैदिक दर्शन प्रस्तुत गर्ने कवि भनेर टिप्पणी गरेका छन् । वासुदेव त्रिपाठीले *सिंहावलोकन* (२०३२,पृ. ३२) मा लेखनाथ पौडेललाई अध्यात्म दर्शनका कवि भनी उल्लेख गरेका छन् । यसैमा उनले लेखनाथको दर्शन सांसारिक जगत्भित्र अवस्थित तृष्णाको अन्धकारबाट मुक्त भएर दिव्यको सामीप्यता प्राप्त गर्ने विषयसँग सम्बन्धित रहेको उल्लेख गरेका छन् । तारानाथ शर्माले *नेपाली साहित्यको इतिहास* (२०३९, पृ. ४१) मा लेखनाथ पौड्यालका कविताहरूमा आध्यात्मिक चिन्तन रहनुका साथै विश्व प्रेम र मानवताको सन्देश प्रवाहित भएको पाइन्छ भनेका छन् । राममणि रिसालले *नेपाली काव्य र कवि* (२०५०, पृ. १८) 'कवि शिरोमणि पं. लेखनाथ पौड्याल' शीर्षकभित्र लेखनाथका काव्यकृतिमा अद्वैत दर्शनको अमिट छाप रहेको उल्लेख गरेका छन् । 'लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन' (२०७७) शीर्षकको लघु–अनुसन्धान प्रतिवेदनमा बोधराज ढकालले लेखनाथलाई अद्वैत वेदान्त दर्शनबाट प्रभावित

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

कवि भनेर विश्लेषण गरेका छन् । यसैमा उनले पिँजराको सुगा, जीवनचङ्गा, गौँथलीको चिरिबिरी, सत्यसन्देशहरू र आखिरी कविता कविताहरूका केही कवितांशलाई उदाहरण दिएर लेखनाथले अद्वैत वेदान्त दर्शनका मान्यताहरूलाई पूर्ण रूपमा प्रस्तुत गरेका छन् भनेर उल्लेख गरेका छन् । ठाकुरप्रसाद पोखरेलले 'लेखनाथले पौड्यालको गौँथलीको चिरिबिरी कवितामा अद्वैत वेदान्त'(पोखरेल, सन् २०२५, पृ १४५) शीर्षकको लेखमा पौड्याल दार्शनिक कवि हुन्, उनका कवितामा शङ्कराचार्यको अद्वैतवादी दर्शनको प्रभाव पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् । यसैमा उनले लेखनाथीय दर्शन भौतिकवादका विरोधी अध्यात्मवादबाट प्रभावित छ भनेका छन् । बोधराज ढकालले 'सूर्य–महिमा' कवितामा अद्वैत वेदान्त दर्शन (ढकाल, सन् २०२३ पृ. ९७) शीर्षकको लेखमा लेखनाथ पौड्याल अद्वैतवादी कवि हुन् । उनका कवितामा ब्रह्म सत्य छ जगत् मिथ्या छ भन्ने शङ्काराचार्यको अद्वैत वेदान्त दर्शनको प्रभाव पाइन्छ भनी उल्लेख गरेका छन् ।

उल्लिखित पूर्वकार्यका आधारमा लेखनाथ पौड्याललाई दार्शनिक कवि, अद्वैत वेदान्त दर्शनका कवि भने पनि अद्वैत वेदान्त दर्शनका आधारमा 'ईश–विनय' कविताको छुट्टै अध्ययन तथा विश्लेषण भएको पाइँदैन । तसर्थ वेदान्त दर्शनको सिद्धान्त अँगालेर 'ईश–विनय' कविताको विश्लेषण गर्नु सान्दर्भिक देखिएकोले यस लेखमा उक्त कवितालाई शोधसमस्याका रूपमा छनौट गरिएको हो ।

**सैद्धान्तिक पर्याधार**

जीवनजगत्लाई गहन रूपमा बोध गर्नु वा बुझ्नु भन्ने आशयका साथ दर्शन शब्दको प्रयोग भएको पाइन्छ । दर्शन शब्दको शाब्दिक व्युत्पत्तिअनुसार कुनै पनि वस्तुको वास्तविक सत्यतथ्य बुझ्ने प्रयास गरिनु वा बोध हुनुलाई दर्शन भनिन्छ (गिरी, २०५५, पृ.१) । वेदान्त दर्शनलाई वेदका अन्त्यमा रहेका ज्ञानलाई समावेश गरी निर्माण भएको शास्त्रका रूपमा लिने गरिन्छ । यसलाई मीमांसाको दोस्रो भागका रूपमा पनि लिने गरिन्छ । यसो भएको वेदलाई उत्तरमीमांसा पनि भन्ने गरिएको पाइन्छ । यस अर्थमा वेदको सार वा निचोड नै वेदान्त दर्शन हो । उपनिषद्, बह्मसूत्र र श्रीमद्भगवद्गीता तीनवटा ग्रन्थलाई वेदान्तका 'प्रस्थानत्रयी' भनिएको छ । यी तीनवटा ग्रन्थमा पनि उपनिषद्लाई मूलप्रस्थान मानेर अन्य दुईवटा त्यसैमा आधारित छन् भनिएको छ । वेदान्तका प्रथम आचार्य ब्रह्मसूत्रका भाष्यकार शङ्कराचार्यले वेदान्त सम्प्रदायलाई प्रतिष्ठापित गरेका हुन् । उनले जगत्मा ब्रह्ममात्र सत्य र दृश्यमान जगत् असत्य छ भन्दै अद्वैत वेदान्त दर्शनलाई महत्त्व दिँदै यसलाई प्रतिष्ठित तुल्याए हुन् (शर्मा, सन् २०१३, पृ.२१२) । ठूलो, सानो हुने वा स्वरूप परिवर्तन हुने वस्तु अनित्य र अस्तित्वहीन हुन्छ । वस्तुको स्वरूप कहिल्यै पनि परिवर्तन नभएर सधैँ एकनाश रहने तत्त्वलाई नित्य वा सत्य मानिन्छ । यसलाई वेदान्तमा अपरिवर्तित आत्मा भनेर ब्रह्मका रूपमा व्याख्या गरिएको छ (व्या.गोयन्का, वि.सं.२००९, पृः १५३) । प्राकृतिक जगत् सधैँ एउटै अवस्थामा रहँदैन, यसको स्वरूप परिवर्तन भइरहन्छ । अद्वैत वेदान्त दर्शनमा परिवर्तन हुने र पञ्चज्ञानन्द्रियद्वारा अनुभव गरिने सबै वस्तुलाई जड मान्दै बह्मलाई मात्र सत्य मानिएको छ ।

शङ्कराचार्यद्वारा व्याख्या गरिएको वेदान्त दर्शनलाई अद्वैत वेदान्त भनिन्छ । वेदान्त दर्शनका विभिन्न भाष्यकार तथा टीकाकारहरूमध्ये जगत् -गुरु शङ्कराचार्यद्वारा स्थापना गरिएको अद्वैत वेदान्त दर्शनलाई सर्वप्राचीन मानिन्छ । उनले अद्वैतवादी दर्शनको निष्कर्षमा 'ब्रह्म' भन्ने वस्तुमात्र सत्य छ, यो सांसारिक जगत्चाहिँ भ्रम हो भन्ने व्याख्या गरेका छन् (राई, २०७५, पृ.३९२) । अद्वैत वेदान्तका अनुसार यो ब्रह्माण्ड चचारचर जगत् नै मिथ्याका रूपमा रहेको छ । बह्म र मायाको संयुक्त स्वरूप ईश्वर हो (गिरी, २०५५, पृ. ५७) । ब्रह्म र ईश्वरलाई एकअर्काका रूपमा व्याख्या गरे पनि दुबै एउटै तत्त्व हुन् । आफ्नो मायाशक्ति ग्रहण गरी ब्रह्मले संसारको सृष्टि गर्न थालेपछि ब्रह्मलाई ईश्वरका रूपमा उपासना गरिएको हो भन्ने अद्वैत वेदान्त दर्शनमा उल्लेख छ । अज्ञानता हटेपछि पारमार्थिक सत्य ब्रह्मबोध हुने विश्वास शङ्कराचार्यको रहेको छ । अद्वैत वेदान्त दर्शनले मानिसलाई बन्धनबाट मुक्ति पाउनका लागि ब्रह्मज्ञान प्राप्त गर्नुपर्ने कुरालाई आवश्यक ठानेको छ । यस दर्शनले ब्रह्मविद्याका माध्यमबाट मुक्तिप्राप्त हुने

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

मान्यता राख्दछ (दशोरा, सन् २०११, पृ. ३६१)। ब्रह्मविद्याबाट ब्रह्मज्ञान हुने र ब्रह्मज्ञानबाट मात्र परब्रह्मसाक्षात्कार वा ब्रह्मप्राप्ति हुने विश्वास अद्वैत वेदान्तको रहेको छ। अविद्या वा ब्रह्म ज्ञानको अभावले गर्दा बन्धनमा परी दुःख पाइन्छ। सबै बन्धनबाट मुक्ति पाउनु नै मोक्ष हो (ब्रह्मसूत्रः ४।४।२)। मोक्षप्राप्तिका लागि साधनचतुष्टयका अतिरिक्त श्रवण, मनन र निदिध्यासनको पनि आवश्यक पर्दछ (सक्सेना, सन् २०१२, पृ. १३८–१३९)। शङ्कराचार्यका विचारमा ईश्वरमा जब आनन्दको भावना तीव्र रूपमा हुन्छ तब क्रीडाको लागि ऊ संसारको सृष्टि गर्दछ (जनक, २०५५ पृ, ११२)। जनकले सम्पूर्ण दुःखको कारण द्वैतलाई मानेका छन्। सम्पूर्ण दृश्य पदार्थहरू असत्य हुन्, विशुद्ध चेतन आत्मा (ब्रह्म) नै एक मात्र सत्य पदार्थ हो भने ज्ञान प्राप्त गर्नु दुःखको एउटै मात्र औषधी हो (गिरी, २०५५, पृ. १०२)।

अद्वैत वेदान्त दर्शनले ईश्वरका बारेमा अलग चर्चा नगरी ब्रह्माण्डको सम्पूर्ण सत्ता ब्रह्ममा निहित छ भनेको छ। यस दर्शनमा ब्रह्मलाई नै ईश्वर मानेको पाइन्छ (सहाय, सन् २०१४, पृ. ३७२)। ब्रह्ममा रहेको मायाशक्तिले छेकेपछि देखिने रूप ईश्वर हो भन्ने वेदान्त दर्शनको मान्यता रहेको छ (दशोरा, सन् २०१६, पृ. १८)। वेदान्तले ब्रह्मलाई नै आत्मा हो भनी आत्मालाई सर्वव्यापी, अनादि र नित्य मानेको छ। अद्वैत वेदान्त दर्शनले पानी भरिएको प्रत्येक घडामा जसरी सूर्यको प्रकाश प्रतिबिम्बन हुन्छ, त्यसै गरी ब्रह्म पनि विभिन्न जीवको आत्माका रूपमा प्रकट हुन्छ भन्ने मान्यता राख्दछ। अविद्याका कारण जीव जस्तो लागे पनि आत्मा अमर, नित्य, अजन्मा र सर्वव्यापी छ भन्ने विश्वास वेदान्त दर्शनले गरेको पाइन्छ। *तैत्तिरीयोपनिषद*को ब्रह्मानन्दवलीमा 'सत्य' भन्ने वस्तुका बारेमा व्याख्या गरिएको छ। ज्ञानेन्द्रियद्वारा बोध गरिने वस्तुभन्दा भिन्न अवस्थामा रहेको परब्रह्म नै सत्य हो। यो नित्य छ, यसका अतिरिक्त सबै पदार्थहरू अनित्य र भ्रमपूर्ण अवस्थामा रहेका छन्। जस्तोसुकै अवस्थामा पनि 'ब्रह्म' रहिरहन्छ। ब्रह्ममा अज्ञानको कुनै अंश नरही ज्ञानस्वरूप तत्त्वमात्र रहेको हुन्छ। त्यसकारण ब्रह्म देशकालका सीमाभन्दा अलग रहेका, सबै प्राणीका अन्तहृदयमा सदासर्वदा रहने गर्दछ (इशादि नौ उपनिषद्, वि.सं.२०६८, पृ.३४६)। यो जगत् मायाद्वारा व्याप्त भएकाले यहाँभन्दा परको वास्तविकता बोध हुनसक्तैन। वेदान्तले दृश्य जगत् असत्य छ भनी व्याख्या गरेको छ। संसारमा रहेका सम्पूर्ण पदार्थहरू सत्य छैनन् र सत्य भन्ने वस्तुचाहिँ एकमात्र ब्रह्म हो। ज्ञानेन्द्रियले बोध गर्ने वस्तु सबै सत्यजस्तो लागे पनि यथार्थ नभएर भ्रममात्र हुन्। ती असत्य भए पनि ब्रह्ममै आधारित हुन्छन् र केही समयपछि आधार समाप्त भएर जान्छन्। भ्रम सिर्जना गर्ने सर्पको आधार डोरी भएजस्तै सत्यजस्तो अनुभूति गराउने वस्तुचाहिँ ब्रह्म हो (सिन्हा, सन् १९९९, पृ.२९६)। अविद्याका कारण दृश्य जगत्लाई नै यथार्थ र सत्य मानिन्छ। जब सत्य भन्ने वस्तु अर्कै हो भन्ने ज्ञान हुन्छ। जब दृष्य जगत्मा देखिएका पदार्थहरू सबै नाश हुन्छन् भन्ने बोध हुन्छ त्यस बखत अविद्या समाप्त भई ब्रह्म बोध हुन्छ (गोयन्का, २०५८ पृ.१४७)। अद्वैत वेदान्तले मानवका अन्तरङ्गभित्र सत्यको ज्ञान नभएसम्म बाह्य पदार्थ नै वास्तविक हो भन्ने भ्रम रहिरहेको हुन्छ भन्ने मान्यता राख्दछ।

ब्रह्मवादीहरू आत्मामा विश्वास गर्छन्। आत्मा अमर, नित्य, अजन्मा र सर्वव्यापी छ भन्ने विश्वास वेदान्त दर्शनले गरेको पाइन्छ। *माण्डूक्योपनिषद्*मा ब्रह्मको सर्वव्यापकतालाई स्वीकार्दै ब्रह्म नै आत्मा हो, आत्मा नै बह्म हो, ब्रह्म सत्य, नित्य, ज्ञानस्वरूप र अनन्तका रूपमा रहेको उल्लेख गरिएको छ (गिरी, २०५५, पृ. ११२)। दृश्य जगत्लाई नै सत्य ठान्ने प्रवृत्तिका कारण मानव भ्रमका पछि दगुरिरहेको हुन्छ। ब्रह्म सर्वव्यापी छ। यो सम्पूर्ण जगत् ब्रह्म हो। *माण्डूक्योपनिषद्*मा परवर्ती ब्रह्मज्ञाता ब्रह्म नै हुन्छ भन्दै जसरी बग्दै गएका नदीहरू समुन्द्रमा पुगेपछि आफ्नो अस्तित्व समाप्त भएर समुन्द्रमा विलीन हुन्छन् त्यस्तै ब्रह्मज्ञानी पनि आफ्नो नाम र रूप त्यागेर दिव्य पुरुषमा लीन हुन्छन् भनिएको छ (जनक, २०५५, पृ.१११)। अद्वैत वेदान्त दर्शनमा मानिसले बन्धनबाट मुक्ति पाउनका लागि ब्रह्मज्ञान प्राप्त गर्नुपर्ने कुरालाई आवश्यक मानिएको छ। वेदान्तले बन्धन र दुःखलाई अविद्याको कारण मान्दछ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

सबै प्रकारका बन्धनबाट मुक्त हुनु भनेको मोक्ष प्राप्त गर्नु हो भनिएको छ । यस दर्शनको प्रमुख लक्ष्य नै ब्रह्मज्ञान प्राप्त गरी मोक्षप्राप्त गर्नु हो र यसका लागि वेदमा वर्णित धर्म, कर्म र आचरणको पालना गर्नुपर्दछ ।

संसार सारहीन छ, ब्रह्म मात्र सत्य छ, सारा जगत् सृष्टिकर्ता तथा सुखदुःख दाता ब्रह्म नै हो भन्ने विचार लेखनाथ पौड्यालका कवितामा पाइन्छ । सबै वस्तुहरू स्थायी नभएर विनाशशील रहेको हुँदा दृश्य जगत् नाशवान् छ, अविनासी छ भने त्यो ईश्वर वा ब्रह्म नै हो भन्ने भाव पौड्यालको ईश–विनय कवितामा पाइन्छ । यस लेखमा लेखमा 'ईश–विनय' कविताको विश्लेषणका लागि शङ्कराचार्यको अद्वैत वेदान्तसम्बन्धी मान्यतालाई मात्र लिइएको छ । विश्लेषणको पुष्ट्याइँका लागि कवितांशहरूलाई दृष्टान्तको रूपमा समावेश गरिएको छ ।

## पणिाम र छलफल

प्रस्तुत ‘ईश–विनय' कवितामा व्यक्त अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित कवितांशाहरूको विश्लेषण गरिएको छ । यस कवितामा कविले जगदीश्वर, नाथ, प्रभु, जगत्दाता भनेर ईश्वर अर्थात् ब्रह्मको महिमागान गरेका छन् । ब्रह्म नै सारा जगत्को रचयिता र विनाशक पनि हो । यिनै परम् परमेश्वर ब्रह्मकै कृपाले जगत्को सृष्टिचक्र निरन्तर चलिरहेको छ । यस कवितामा सत्य भन्ने वस्तु ब्रह्म मात्र भएको र ब्रह्म ज्ञान प्राप्त गर्नलाई अध्यात्मको अनुरण गर्न आग्रह गरिएको छ । सृष्टिचक्रको वास्तविकता नबुझी ब्रह्मज्ञान प्राप्त हुँदैन । ब्रह्मकै शरणमा पुगेपछि मात्र ब्रह्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने भाव कवितामा प्रस्तुत छ । प्रस्तुत कवितामा अद्वैत वेदान्त दर्शनका मान्यताहरूको प्रभाव रहेको छ । यहाँ कविले सृष्टिसम्बन्धी ब्रह्मको लीलालाई अपरम्पार मान्दै ब्रह्मज्ञानी हुन ब्रह्ममा नै लीन हुन सुझाएका छन् ।

### ईश–विनय कवितामा अद्वैत वेदान्त दर्शनको प्रभाव

लेखनाथ पौड्यालद्वारा रचित ‘ईश–विनय’ कविता विषम मात्रिक छन्दका सात श्लोकमा संरचित छ । यस कवितामा सृष्टिसम्बन्धी नियम ब्रह्ममा रहेको कुरा स्वीकार गरिएको छ । ब्रह्मलाई सृष्टिसम्बन्धी नियमको अधिष्ठाता मानिन्छ । सृष्टि सम्भव गराउने, त्यो क्षय नहुने, अविनाशी, अजर र अमर तत्त्वलाई वेदान्तमा ब्रह्मका रूपमा लिइएको छ (ढकाल, २०७६, पृ. १४) । यस कवितामा कविले नित्य, अनन्त र अविनाशी ब्रह्मलाई सारा जगत्को सृष्टिकर्ता, सर्वशक्तिमान्, करूणाको खानी र अपरम्पार शक्तिका स्वरूपमा यसरी वर्णन गरेका छन् :

जय जगदीश्वर ! जय अविनाशी
जय जय भगवान् ! करुणाराशी ।
शक्ति छ प्रभुको अपरम्पार
घुम्दछ जसमा सब संसार ॥ (पौड्याल, पृ.२५)

यस कवितांशमा कविले ब्रह्मलाई नै सम्पूर्ण जगत्को सृष्टिकर्ता मानेका छन् । अद्वैत वेदान्त दर्शनमा सगुण ब्रह्म वा ईश्वरलाई जगत्को उत्पति र लयको कारण मानिएको छ (शर्मा, सन् २०१०, पृ.२५१) । प्रस्तुत कवितांशमा कविले ब्रह्मलाई जसरी सृष्टिकर्ता, अविनाशी, करुणाको खानी भनेर महिमागान गरेका छन्, यो विचार अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित छ । वेदान्त दर्शनले ब्रह्म अर्थात् ईश्वरलाई सर्वव्यापक मानेको छ । ब्रह्मकै कारण वा कृपाले आकाश धर्ती, ग्रह, तारा, सूर्यआदिले गति प्राप्त गरेका हुन् । वेदान्तीहरू विश्वब्रम्हाण्डलाई कसैले गति प्रदान गर्दछ भने त्यो ब्रह्मले नै गर्दछ भन्ने विश्वास गर्छन् । ब्रह्मको जन्म पनि हुँदैन र मृत्यु पनि हुँदैन । ब्रह्म अनादि र अनन्त छ । त्यही अनादी ब्रह्मबाट ब्रह्माण्डको उत्पति, स्थिति, विलय र पुनः नयाँ उत्पत्ति, विलय हुँदै जाने क्रमलाई वैदिक दर्शनले सर्वोपरि मान्दछ (ढकाल, २०७६, पृ. १५) । ब्रह्मविना विश्वब्रह्माण्डको उत्पत्ति, स्थिति र विलय असम्भव छ । जगत्को अधिष्ठाता ब्रह्म सबथोक हो । प्रस्तुत कवितामा कविले विश्वह्माण्डको उत्पत्ति ब्रह्मबाट भएको र उनै ब्रह्मकै कृपा पाएर सूर्यलगायत सम्पूर्ण प्राणीजगत् आ–आफ्नो कर्ममा लागेको विचार व्यक्त गरेका छन् । ब्रह्म जगत्स्वामी हुन्, ब्रह्मकै करुणाले चराचरजगत् कर्ममा तल्लीन भएको हो भन्ने विचार कवितामा व्यक्त गरिएको ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

कवितामा विश्वब्रह्माण्डको संरचना ब्रह्मबाट भएको र उनै ब्रह्मको कृपाले चराचर जगत्ले पूर्णता पाएको कुरा उल्लेख गरिएको छ । अद्वैत वेदान्त दर्शनमा सगुण ब्रह्म वा ईश्वरलाई जगत्को उत्पत्ति, स्थिति र लयको कारण मानिएको छ (शर्मा, सन् २०१०, पृ. २५१) । कविले 'प्रभू भनेर जुन तत्त्वलाई सम्बोधन गरेका छन् त्यो ब्रह्म हो । यो विचार अद्वैतवादी वेदान्तसँग सबान्धित छ । ब्रह्मका नजरमा जगत्का सबै प्राणीहरू समान हुन्छन् । ब्रह्मकै इच्छाले चराचर जगत्को सृष्टि हुन्छ । ब्रह्मको त्यस्तो स्वरूप हुन्छ जहाँ सम्पूर्ण चराचरजगत् समेटिएका हुन्छन् वा अटाएका हुन्छन् । *तैत्तिरीयोपनिषद्*मा जसबाट भौतिक पदार्थहरू उत्पन्न हुन्छन्, उत्पन्न भएकाहरू जसमा आश्रित भएर जीवित रहन्छन् र अन्त्यमा त्यसैमा गएर विलिन हुन्छन् त्यसैलाई ब्रह्म भनिएको छ (जनक, २०५५, पृ.११२) । ब्रह्म भेदरहित छ । ब्रह्म चराचरजगत्को सृटिकर्ता मात्र होइन पालक पनि हो । ब्रह्मका दृष्टिमा सम्पूर्ण प्राणीजगत् समान छन् । ब्रह्मका नजरमा सबै प्राणीहरू पुत्रसमान र स्नेही पनि छन् । ब्रह्मले जति पनि सृष्टि गर्छ ती सबै पुनः ब्रह्ममा नै लीन हुन्छन् (गिरी, २०५५, पृ.११२ । यस कवितामा कविले सृष्टिको अधिष्ठाता ब्रह्म स्वयम्मा पूर्ण हुने र ब्रह्मद्वारा प्रतिपादित सृष्टि पनि अपूर्ण नहुने विचार यसरी व्यक्त गरेका छन् :

सुर-मुनिदेखि भुसुनासम्म,
प्रभुनै सबका घटमा टम्म ।
प्रभुका लेखा प्राणीमात्र
पुत्र बराबर करूणा-पात्र ॥

माथिको कवितांशमा कविले प्रभु भनेर जगत्का अधिष्ठाता ब्रह्मलाई भनेका छन् । ब्रह्मका लागि चचरजगत् भेदरहित छ । यस कवितांशमा कविले ब्रह्मको भेदरहित समभावको वर्णन गरेका छन् । ब्रह्म दिशा र कालको सीमाभन्दा माथि हुन्छ । ब्रह्ममा सजातीय, विजातीय र स्वगत भेद पनि रहँदैन त्यसैले ब्रह्म भेदरहित छ (गिरी, २०५५, पृ. ५६) । यसमा कविले ब्रह्म सबै चराचर जगत्का लागि समान छन् र चराचर जगतका लागि पनि ब्रह्म समान छन् भन्ने विचार प्रस्तुत गरेका छन् । यो विचार शङ्कराचार्यको अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित छ । शङ्कराचार्यले ब्रह्मलाई सर्वशक्तिमान्, सर्वव्यापक, सर्वान्तर्यामी र सबैको स्वामी भनेका छन् (शर्मा, सन् २०१०, पृ. २५१) । प्रस्तुत कवितामा कविले ईश्वरलाई ब्रह्मका रूपमा हेरी ईश्वरलाई ब्रह्मसमान मानेर ईश्वरकै कृपा तथा शक्तिले यो सारा जगत् सञ्चालन भएको उल्लेख गरेका छन् । वेदान्त दर्शनमा ब्रह्मलाई जसरी चिनाइएको छ, त्यसरी नै यस कवितामा ब्रह्म अर्थात् ईश्वरलाई नित्य, सर्वव्यापक, अविनाशी र सर्वशक्तिमान् रूपमा प्रस्तुत गरिएको छ । यस कवितामा कविले प्रभु वा ईश्वरलाई सर्वव्यापी र सर्वशक्तिमान् मान्नु भनेको कविमा रहेको अद्वैत वेदान्त दर्शनको प्रभाव हो । यस कवितामा कविले ब्रह्मलाई सृष्टि र लयमात्र होइन सारा जगत्को सांसारिक रहस्यात्मक लीला गराउने तत्त्वका रूपमा यसरी प्रस्तुत गरेका छन् :

जल,थल,तेज, पवन आकाश
हो सब प्रभुको इच्छा ऽऽभास ।
यसमा केही छैन महत्ता
छिनमा गर्छौं सकल बिपत्ता ॥ (पौड्याल, पृ.२५–२६)

यस पद्यांशमा कविले प्रभु भनेर ब्रह्म वा ईश्वरलाई भनेका छन् । ब्रह्मलाई सार विश्वब्रह्माण्डको कारक भनेका छन् । यसमा कविले जगत्को सृष्टि, स्थिति र लयको प्रमुख कारण ब्रह्म नै हो भन्दै ब्रह्मवादी चिन्तन प्रस्तुत गरेका छन् । *ब्रह्मसूत्र* (१–१ २) मा जन्माद्यस्य यतः अर्थात् ब्रह्म यस जगत्को सृष्टि, स्थिति र लयको कारण हो भनिएको छ (शर्मा, सन् २०१०, पृ. २५०) । यस कवितांशमा सृष्टिको रचयिता प्रभुका सम्बन्धमा जुन विचार व्यक्त गरिएको छ त्यो अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित छ । कविले ब्रह्मलाई सृष्टिजगत्को एक मात्र शक्ति मान्नु भनेको ब्रह्मलाई सत्य र सच्चिदानन्द स्वरूप देख्नु हो । शङ्कराचार्यको अद्वैतवादी सिद्धान्तमा ब्रह्मलाई सच्चिदानन्द स्वरूप मानिएको छ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

(गिरी, २०५५, पृ.५५) । शङ्कराचार्यले आत्माको ज्ञान हुनुलाई मोक्ष प्राप्त गर्नु भनेका छन् । मोक्ष प्राप्त गर्नका लागि आत्माले आफ्नो वास्तविक स्वरूपलाई चिन्नुपर्दछ । मोक्षको एउटै उपाय ज्ञान हो (जनक, २०५५, पृ.५९) । अविद्याको नाशको लागि ज्ञानको आवश्यक्ता पर्दछ । यस कवितामा कविले सम्पूर्ण प्राणीजगत् पूर्णरूपमा ब्रह्मज्ञान प्राप्त गर्दै ब्रह्ममा नै लीन हुन तयार भएको विचार कवितामा यसरी प्रस्तुत गरेका छन् :

बालक हामी शिर निहुराई
प्रभुका पदमा भक्ति लगाई ।
पढ्न तयार छौ सब नाथ
पार लगाए करूणा –साथ ॥ (पौड्याल, पृ.२६)

यस कवितांशमा आफूलाई सारा जगत् ब्रह्मको सृष्टि भएको कुरा बोध भएको भाव व्यक्त गरिएको छ । कवितामा कविले ब्रह्म कै कारण सारा जगत्को सृष्टि, संचालन र चेतनादृष्टि खुल्ने कुरा उल्लेख गरेका छन् । ब्रह्मविना जगत्को सृष्टि असम्भव छ। जसरी ब्रह्म अनन्त छ त्यसैगरी ब्रह्मज्ञान पनि अनन्त छ । प्रस्तुत कवितांशमा कविले पूर्णरूपमा आफूलाई ब्रह्मज्ञान प्राप्त भइनसकेकोले ब्रह्ममा लीन हुन तयार रहेको विचार व्यक्त गरेका छन् । जुन विचार शङ्कराचार्यको अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित छ ।

'ईश–विनय' कवितामा लेखनाथ पौड्यालले जगदीश्वर, प्रभु, नाथ भनेर ईश्वर वा ब्रह्मलाई भनेका छन् । कविले ब्रह्मलाई सर्वशक्तिमान्का रूपमा प्रस्तुत गर्दै सारा चराचर सृष्टिको मूल कारण ब्रह्मलाई मानेका छन् । ब्रह्मलाई सत्य, नित्य र अनन्त, भेदरहीत तत्त्व मानेका छन् । कविले ब्रह्मलाई सर्वान्तयामी र अविनाशी मानेका छन् । ब्रह्मविना कसैको अस्तित्व सम्भव छैन। ब्रह्मविना सारा चराचर जगत्को सृष्टि प्रक्रिया नै ठप्प हुन्छ भन्ने विचार अद्वैत वेदान्त दर्शनको हो । जगत्को उत्पत्ति ब्रह्मबाट हुने र अन्तिममा सारा विश्वब्रह्माण्ड ब्रह्ममा नै लीन हुन्छ भन्ने मान्यतासँग मिल्दो विचार भएकाले यस कवितामा शङ्कराचार्यको अद्वैत वेदान्तसम्बन्धी दर्शनको प्रभाव रहेको पुष्टि हुन्छ ।

## निष्कर्ष

'ईश-विनय' कवितामा ब्रह्मलाई विश्वब्रह्माण्डको सार्वभौमशक्तिका रूपमा प्रस्तुत गरिएको छ । अध्यात्म चिन्तनको सृष्टिसम्बन्धी नियममा ब्रह्मलाई सम्पूर्ण जगत्को अधिष्ठाता मानेको पाइन्छ । प्रस्तुत कवितामा ब्रह्म अर्थात् ईश्वरलाई सृष्टिको निमित्त कारकका रूपमा व्याख्या गरिएको छ । ब्रह्मलाई सबैको मङ्गल गर्ने जगत्का विधाताका रूपमा चिनाइएको छ । सच्चिदानन्द स्वरूप ब्रह्मकै शक्तिबाट सारा चराचर जगत् जागृत हुन्छ भनिएको छ । ब्रह्मलाई विश्वब्रह्माण्डको सृष्टिकर्ता, सर्वशक्तिमान्, नित्य, अनन्त र अमर मानिएको छ । कवितामा ब्रह्मकै शत्तिबाट जगत्का सम्पूर्ण प्राणी जागृत भई विश्वब्रह्माण्ड चलायमान् भएको विचार व्यक्त गरिएको छ । सृष्टिको प्रारम्भदेखि युगौँयुगसम्म प्रभु (ब्रह्म) को महिमा अपरम्पार रहेको र सृष्टि, स्थिति र लयको सम्पूर्ण जिम्मा पनि प्रभुमै रहेको भन्दै कवितामा ईश्वर अर्थात् ब्रह्मको महिमागान गरिएको छ । यस कवितामा ईश्वरलाई ब्रह्मका रूपमा लिएर कविले उपासनामार्फत तत्त्वज्ञान हासिल गरी मोक्ष प्राप्त गर्न चाहेका छन् । यस कवितामा ब्रह्मलाई जगदीश्वर एवम् प्रभु भन्दै सम्बोधन गरी कविले विश्वब्रह्माण्डमा एक मात्र सत्ता ईश्वर अथवा ब्रह्मको रहेको कुरा स्वीकार गरेका छन् । यसमा कविले ब्रह्म अर्थात् ईश्वर नभए विश्वब्रह्माण्डको अस्तित्व कल्पना गर्न असम्भब छ भन्दै कवितामा अद्वैत वेदान्त चिन्तन प्रस्तुत गरेका छन् । कवितामा कविले ब्रह्मलाई सारा विश्वब्रह्माण्डको सृष्टि, स्थिति र लयको कारण मान्दै ब्रह्मलाई सार्वभौम, सर्वशक्तिमान्, नित्य र अमर मानेर जसरी प्रस्तुत छन्; यसबाट पौड्यालको 'ईश–विनय' कविता अद्वैत वेदान्त दर्शनको ब्रह्म, ईश्वर र मोक्षसम्बन्धी चिन्तनबाट पूर्ण रूपमा प्रभावित रहेको पुष्टि हुन्छ ।

## सन्दर्भ सूची

गिरी, स्वामी रामानन्द (२०५५), *जनक दर्शन* (रामहरि तिमल्सिना, अनु.), जनक शिक्षा सामग्री केन्द्र ।
गोयन्दका, हरिकृष्ण (अनु.), (२०५८), *वेदान्त दर्शन (ब्रह्मसूत्र)*, गीताप्रेस ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

त्रिपाठी, वासुदेव (२०३२), *सिंहावलोकन* (दो. सं.), साझा प्रकाशन।
दशोरा, नन्दलाल (अनु.), (सन् २०११), *हिन्दू धर्म के छ : शास्त्र, षट्दर्शनम्*, रणधीर प्रकाशन।
दशोरा, नन्दलाल (अनु.), (सन् २०१६), *सर्व वेदान्त सिद्धान्त सार सङ्ग्रह*, रणधीर प्रकाशन।
द्विवेदी, व्रजवल्लभ (सन् २००७), *भारतीय दर्शन* (दो. सं.), विश्वविद्यालय प्रकाशन।
ढकाल, बोधराज (२०७७), *लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन* (अप्रकाशित लघु–अनुसन्धान प्रतिवेदन), अनुसन्धान समिति, पृथ्वीनारायण क्याम्पस।
ढकाल, विराज (सन् २०२३), सूर्य–महिमा कवितामा अद्वैत वेदान्त दर्शन, *कन्या जर्नल*, ४(१) , https://doi.org/10.3126/kanyaj.v4i1.57070
पाण्डे, विश्वराज (सन् २०२३), मेरो दृष्टिमा लेखनाथ, *भानु*, भानु प्रकाशन।
पोखरेल, ठाकुरप्रसाद (सन् २०२४), लेखनाथ पौड्यालको गौँथलीको चिरिबिरी कवितामा अद्वैत वेदान्त दर्शन, *अध्ययन जर्नल*, १२(०१), १३७-१४५, https://doi.org/10.3126/aj.v12i01.73567
पौड्याल, लेखनाथ (२०६४), *लालित्य भाग २* (छै. सं.), साझा प्रकाशन।
भट्टराय, चूडानाथ (२०१७), *तरुणतपसी मीमांसा*, जगदम्बा प्रकाशन।
राई, भक्त (२०७४), *पूर्वीय दर्शन*, नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र।
रिसाल, राममणि (२०५८), *नेपाली काव्य र कवि* (पाँ. सं.), साझा प्रकाशन।
शर्मा, चन्द्रधर (सन् २०१०), *भारतीय दर्शन आलोचना और अनुशीलन* (दो.सं.), मोतीलाल बनारसीदास।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५५), *शोधविधि* (दो. सं.), साझा प्रकाशन।
सक्सेना, प्रवेश (सन् २०१२), *भारतीय दर्शनों में क्या है ?*, हिन्दु लजी बुक्स।
सहाय, शिवस्वरूप (सन् २०१४), *प्राचीन भारतीय धर्म एवं दर्शन* (छै. सं.), मोतीलाल बनारसीदास।
सिंह, केदारनाथ र सिंह, शशिभूषण (सन् २०१२), *भारतीय दर्शन*, ज्ञानदा प्रकाशन।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*